# समाचार सन्देश

वर्ष १३, अङ्क ६ आई.पी.एस्. लेख रचनाको सँगालो, बैशाख १८–जेठ १, २०६४ (मे १ – १५, २००७)

# तीन अखबारले मृत्युदण्डको समर्थन त्यागे

– एली क्लिफटोन

वासिङ्गटन (**आई.पी.एस्./एन्.पी.आई.**) – मुलुकका दश ठूला अखबारहरूमध्ये दुई सहित तीन फरक-फरक राज्यका अखबारहरूले शताब्दी लामो अडान त्यागेका छन् । उनीहरूले लामो समयदेखि मृत्युदण्डको समर्थनमा कलम चलाउँदै आएकोमा अहिले सो कार्यको विरोधमा आवाज बुलन्द गर्न थालेका छन् ।

ती अखबारहरू हुन- इलिनोइज प्रान्तका सिकागो ट्रिव्युन, पेन्सिलभानियाको सेन्टिनेल र टेक्सासको दल्लास मर्निङ्ग न्युज । यी अखबारहरूले सशक्त सम्पादकीय लेखेर उनीहरूको प्रान्त तथा मुलुकमा मृत्युदण्डको सजाय कायम रहेकोमा कडा शब्दमा चिन्ता व्यक्त गरेका छन् ।

'मलाई लाग्छ विश्वमा यी सम्पादकीयहरूले उच्च प्रभाव सम्प्रेषण गरेका छन्,' मृत्युदण्ड सूचना केन्द्रका कार्यकारी निर्देशक रिचार्ड डिटरले आईपीएसलाई भने- मृत्युदण्डपछि डिएनए परीक्षणबाट गर्न सकिने कुनै घटनाको प्रमाणीकरण र प्रमाण समाप्त भएर जान्छ । यसले गर्दा मृत्युदण्डको सजाय आफैमा अत्यन्त जोखिमको विषय बन्न पुगेको छ, सिकागो ट्रिव्युन लेख्छ । यसको सम्पादकीयले निर्दोष व्यक्तिलाई दोषी करार गर्ने र मृत्युदण्डको सजाय दिने कार्य आपत्तिजनक छ भन्ने खुलासा गरेको छ । टेक्सासका दुई मुद्दाले यस्तै सन्दर्भलाई उजागर गरेका छन् । गएको ३० वर्षमा १३० भन्दा बढी व्यक्तिलाई अमेरिकामा मृत्युदण्डको फैसलापछि निर्दोष पाइएका कारण मुक्त गरिएको छ । उनीहरूले अमुक दोष नगरेको प्रमाण फेला परेका कारण उनीहरूलाई सो सजायबाट मुक्त गरिएको हो । सो समयावधिमा इलिनोइजमा १२ व्यक्तिलाई मृत्युदण्डको सजाय दिइयो भने सो सजायबाट १८ व्यक्तिलाई मुक्त गरियो ।

'त्रुटिका प्रमाण र मनपरि निर्णयका प्रमाणहरू अथवा तनावपूर्ण अवस्थामा गरिएको फैसलाका कारण निर्दोष व्यक्तिलाई पनि यस प्रकारको जघन्य सजाय सुनाउने गरिन्छ । त्यसैले मृत्युदण्डको सजाय खारेज हुनुपर्छ । जनताका नाममा जनतालाई मार्ने कार्य रोकिनु पर्छ,' सिकागो ट्रिव्युनले मृत्युदण्ड सजायको पक्षमा १८६९ देखि वकालत गर्दै आएको सिलसिला भङ्गगर्दै उल्लेख गरेको छ ।

१८६१ मा स्थापित पेन्सिलभानियाको सेन्टिनेल अखबारले पनि त्यसै गरी सम्पादकीय लेखेर मृत्युदण्डको विपक्षमा आवाज उठाएको छ । उसले राज्यमा मृत्युदण्डको चलनलाई 'अप्रभावकारी' भन्दै आलोचना गरेको छ । 'मृत्युदण्डको सजाय अर्थहीन छ,' अप्रिल ३ तारिकको सम्पादकीयमा समाचारपत्रले लेखेको छ ।

राज्यको लम्बेतान अपिल प्रक्रियाले

## अनुरोध

**'समाचार सन्देश' का सामग्री पुनः प्रकाशन/प्रसारणका लागि तयार पारिएका हुन् ।**

**हामी सबै क्षेत्रबाट रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।**

**– सम्पादक**

मृत्युदण्डको अनिश्चित स्थिति सिर्जना गर्दछ । यसको अर्थ हो पेन्सिलभानियाको मृत्युदण्डको प्रतीक्षा पछिल्ला वर्षहरूमा अझ बढ्दै गएको छ । अहिले मृत्युदण्डको प्रतीक्षामा २२१ व्यक्ति रहेका छन् यो संख्या मुलुकका राज्यहरूमध्ये चौथो हो । यसरी बन्दीहरू पालेर राख्नु जनताको करबाट बनेको राजस्वको दुरूपयोग हो । अखबार लेख्छ ।

'मृत्युदण्डको प्रक्रिया स्वयंमा झन्झटिलो पनि रहेको छ । एकातिर मृतकका परिवारको पीडा यथावत रहन्छ भने सम्पूर्ण समाजले न्यायिक पद्धतिमा क्षयीकरणको अनुभव गर्दछ,' सम्पादकीयमा भनिएको छ । अमेरिकाको ठूलो जनसमुदाय अहिले मृत्युदण्डको सट्टा जेल सजायको पक्षमा रहेको छ । तर यसरी जेलमा परेका व्यक्तिलाई रासन पानीको व्यवस्था भने निजकै परिवारले गरोस् भन्ने चाहना उनीहरूको छ । मृत्युदण्डको घिनलाग्दो पद्धतिबाट नागरिकहरू आजित भएको त्यस अखबारको धारणा छ । 'कानुनमा पेन्सिलभानियाको अवस्था भित्ते घडीको पेन्डुलमजस्तो लाग्छ यसले मृत्युदण्ड दिइहाल्न पनि सक्तैन र बन्दीलाई मुक्त घोषणा गर्न पनि दिदैन,' सम्पादकीयले निष्कर्ष निकालेको छ ।

एम्नेस्टि अमेरिकाका ब्रेन इभान्सका अनुसार पेन्सिलभानियामा जातका कारणले पनि मृत्युदण्डको सजायमा विभेद देखिएको छ । उनी आईपीएसलाई भन्छन्- मृत्युदण्डको सजायमा प्रतीक्षा गराइएका व्यक्तिहरू विभिन्न जातका रहेकोले पेन्सिलभानियामा मृत्युदण्डप्रति ठूलो आशंका सृजना भएको छ ।

टेक्सास राज्यबाट प्रकाशित डलास मोर्निङ्ग न्युजले 'शताब्दीयौँदेखि मृत्युदण्डप्रति समर्थन जनाउँदै आएकोमा अप्रिलको १५ तारिखमा प्रकाशित सम्पादकीयमा मृत्युदण्ड दिने कार्य पक्षपातपूर्ण भएको र निर्दोष व्यक्ति पनि यस सजायको भागीदार हुनु परेको खुलासा गरेको छ ।

कार्लोस डेलुना नामका व्यक्तिलाई १९८९ मा एक पेट्रोल स्टेसनका व्यक्तिको हत्या गरेको अभियोगमा बैज्ञानिक प्रमाणबिना नै मृत्युदण्डको सजाय दिइयो । पछि आएर डेलुनाले हत्या गरेको भनिएको व्यक्तिलाई अर्केले 'मैले मारेको थिएँ' भनिदियो । तर न्यायालयले मारिसकेको व्यक्तिलाई बचाउन सक्ने कुरो थिएन ।

अखबारले मृत्युदण्डको विपक्षमा खडा हुनुको कारण खुलाउदै अन्य उदाहरण पनि प्रस्तुत गरेको छ । १९८७ मा दुई महिलाको हत्या गरेको अभियोगमा अर्नेस्ट रेउइलिसलाई दोषी ठहराइयो । पछि केन्द्रीय अदालतका न्यायाधीशले अधिवक्ताबाट गलत बहस भएको पत्ता लगाए । उइलिस मानसिक रूपले विरामी व्यक्ति भएको पत्ता लगाए । अधिवक्ताहरूले प्रमाण लुकाएको र भौतिक प्रमाण तथा साक्षीहरूलाई अदा(लतमा पेश नगरेको देखियो । त्यस मुद्दामा अदालतले नियुक्त गरेका प्रतिरक्षामा वहस गर्न वकिलले पूर्ण क्षमताका साथ बहस नगरेको समेत देखियो ।

अन्ततः मृत्युदण्डको सजाय उल्टाइयो उइलसलाई १७ वर्षपछि सो सजायबाट मुक्त गरियो । अर्का सहआरोपीलाई पनि उनीसँगै सफाई दिइयो ।

'टेक्सास राज्यमा जसलाई हत्या गरेको अभियोगमा मृत्युदण्ड दिइन्छ यथार्थमा उही नै दोषी हो वा होइन भन्ने कुरामा विश्वस्त हुन नसकेको देखियो,' डलास मर्निङ्ग न्युजले लेखेको छ ।

'कुनै कानुनी पद्धतिले पूर्णतः विश्वासका साथ आरोपीलाई मृत्युदण्डको सजाय मात्र एक विकल्प हो भनेर निश्चित गर्न सकेको हामीले देखेनौं । हत्याको अभियोग लागेको व्यक्तिले आफूबाट हत्या भएको वा बिनाकारण हत्या गरेको स्वीकारेको देखिदैन । त्यसैले टेक्सास राज्यले मृत्युदण्डको सजाय हटाउनु पर्छ भन्ने कुरामा हामी विश्वास गर्दछौं । किनभने कसैलाई मृत्युदण्ड दिइएपछि वा उसको जीवन हरण गरेपछि सो साजाय त्रुटिपूर्ण देखिए पनि उल्टाउन सकिदैन । मरेको व्यक्तिलाई बचाउन कुनै कानुनले सक्तैन,' ।

अमेरिकामा मृत्युदण्डका समर्थकहरूको संख्या बिस्तारै घट्दै छ । मृत्युदण्ड दिने कार्य पनि घटेको देखिन्छ । १९९५ मा ३१५ व्यक्तिलाई मृत्युदण्डको सजाय दिइएकोमा २००५ मा १२८ र २००६ मा १०२ व्यक्तिलाई सो साजय दिइएको तथ्याङ्कले देखाउँछ ।

गएको ५ वर्षको तथ्याङ्क हेर्दा अमेरिकी सर्वोच्च अदालतले नाबालकलाई मृत्युदण्डको सजाय दिइएको देखिदैंन र मानसिक रूपले असन्तुलित व्यक्तिलाई पनि त्यस प्रकारको सजाय भएको पाइदैंन । ५० अमेरिकी राज्यहरूमध्ये १३ राज्यमा र कोलम्बियाको जिल्लामा केही समययता मृत्युदण्डको सजाय दिइएको छैन ।

# महिला आप्रवासी कामदारका लागि सम्झौता

– फैजल सामथ

कोलम्बो (आई.पी.एस्./एन्.पी.आई.) – स्थानीय तथा अन्तर्राष्ट्रिय अधिकारवादी समूहले घेरिएको श्रीलङ्केली सरकारले विदेशमा कामको खोजीमा जाने तन्नेरी आमाहरूका विषयमा लगाइएको प्रतिबन्धका विषयमा पुनर्विचार गर्दैछ ।

बालविकास तथा महिला सशक्तिकरण मन्त्रालयले गएको मार्च महिनामा विदेश जाने महिला कामदारमाथि प्रतिबन्ध लगाएर पाँच वर्ष मुनिका बालबालिका र परिवार प्रतिको बेवास्ता हटाउने प्रयास गरेको थियो । सो मन्त्रालयका मन्त्री सुमेरा जी जयसेनाले सो कार्यको पहल गरेका थिए ।

सरकारले महिला कामदारमाथि त्यस प्रकारको प्रतिबन्ध लगाएकोमा अधिकार कर्मी र आप्रवासी कामदार समूहले खेद व्यक्त गरेको थियो । यसरी खेद व्यक्त गर्नेमा न्यूयोर्कस्थित ह्युमेन राइट्स वाच (एचआरडब्लु) पनि थियो । उसले महिलाको आधारभूत मौलिक हक हनन भएको भन्दै सरकारी निर्णयको विरोध गरेको थियो ।

अधिकांश अधिकारकर्मी समूहले महिलाले आफ्ना साना केटाकेटीलाई घरमै आफन्तको जिम्मा लगाएर विदेशमा कामको खोजीमा जाँदा गम्भीर सामाजिक समस्या सृजना भएको पक्षमा भने सहमति जनाएका थिए । तर, यस समस्याको समाधान महिला कामदार माथि प्रतिबन्ध लगाएर हुँदैन, यसका लागि सरकारले सहयोगात्मक नीति लिनुपर्छ भन्ने धारणा राखेका थिए ।

एसियाको मनिलास्थित आप्रवासी संघ २९० भन्दा बढी आप्रवासी संगठनहरूको सञ्जाल हो । आप्रवासीको अधिकारका सम्बन्धमा वकालत गर्ने यस संस्थाका सदस्यहरू एसियाका १४ मुलुकहरूमा फैलिएका छन् । यस सञ्जालका अनुसार महिलालाई विदेशमा कामका लागि जान प्रतिबन्ध लगाउन हिडडुल गर्ने अधिकारको उल्लंघन हो ।

सरकारले महिलाको आवागमन अधिकार कुण्ठित पारेकोमा केही संस्थाहरू मौलिक अधिकार हनन भयो भनेर सरकारविरुद्ध अदालतसम्म पुगेका छन् ।

यस पृष्ठभूमिविरुद्ध श्रीलङ्केली विदेशी कामदार, प्रबर्धन तथा कल्याण मन्त्री केहेलिया रामबुक वयलाले

मेको दोस्रो साता पत्रकारहरूलाई यस विषयमा पुनर्विचार गर्ने योजना सुनाए । 'यो निर्णय मन्त्रिपरिषद्को अनुमोदनपछि गरिएको हो । तर यस निर्णयलाई संसदले स्वीकार गरेको छैन । यस निर्णयको पक्ष र विपक्षमा विभिन्न मुद्दाहरू खडा गरिएका छन् । महिलालाई आवागमनमा प्रतिबन्ध लगाइएकोमा आपत्ति जनाइएको छ । हामी आप्रवासी कामदारको सर्वोत्तम हित( लाई ख्याल गरेर निर्णयको पुनरावलोकन गर्नेछौं,' उनले भने ।

'धेरै व्यक्तिहरूले धेरै कुरा उठाएका छन् । तर आखिरमा मन्त्रालय तथा आप्रवासी कामदारको मुद्दा मेरो कार्य क्षेत्रमा आउने छ, त्यसपछि हामीले निर्णय लिनेछौं,' विदेश मन्त्री राहिथा बोगोलागाको भनाइको सन्दर्भमा उनले भने । गत महिना साउदी अरेवियामा कामको खोजीमा जाने आमाहरूलाई विदेश जान नदिन पहल गरियो । २५ वर्ष मुनिका श्रीलङ्केली महिला विदेशमा कामको खोजीमा जाँदा समस्या सिर्जना भएको जनाइएको छ ।

रामबुक वयलाले आफ्नो मन्त्रालयले आप्रवासी कामदारको अवस्था अभिवृद्धिका लागि थप प्रयास गर्नलागेको जानकारी दिए । घरेलु कामदार, घर कुरुवा तथा बालबालिकाको हितमा कार्य गर्ने महिलाले समेत अधिक परिमाणमा तलब तथा काम गर्ने सर्तहरू निरूपण गर्न र कामका लागि नयाँ बजारको खोजी गरी उच्च अङ्कको तलब तथा कामका अवस्थाहरूको परिमार्जन गर्न आवश्यक रहेको उनले बताए ।

कामका लागि विदेश जानुअघि दिइने अभिमुखीकरण तालिम केन्द्रमा अधिकांश घरेलु कामदार तथा श्रमिकका लागि तीन दिनको सघन तालिम तथा चेतना अभिवृद्धिका लागि ज्ञान दिइन्छ । कोलम्वो अन्तर्राष्ट्रिय विमानस्थलको नजिक खोलिएको एक तालिम केन्द्रले यो विवरण दिएको हो ।

श्रीलङ्कास्थित वैदेशिक कामदार केन्द्रका उपमहाप्रबन्धक एलके रुघुनुगले तीन दिने सघन तालिममा मुलुकका प्रमुख मुद्दाहरू भाषा, संस्कृति-सुझाव र वैदेशिक

वातावरणका बारेमा सिकाइन्छ । 'विदेश जान तयार महिला तथा पुरुष गरी १००० देखि १५०० संख्याका व्यक्तिहरू यहाँ तालिम हासिल गर्छन् र तीमध्ये कतिपय विदेश उड्नका लागि सीधै एयर पोर्टतिर लाग्छन्,' उनले भने ।

रामबुक वयला गृहपरिचारिका तथा न्यून सीप क्षमताका कामदारका लागि यस प्रकारको तालिम लाभप्रद हुने जानकारी गराउँछन् र यसले उनीहरू तथा मुलुकलाई पनि सघाउँछ भन्छन् ।

सरकारले महिला कामदारलाई विदेश जान प्रतिबन्ध लगाएपछि तालिममा आउने ६० प्रतिशतभन्दा बढी श्रीलङ्केली महिला कामदारको संख्या घट्न पुगेको छ । विदेश जाने आफन्तलाई छोड्न आउने परिवार, आफन्त तथा साथीहरूको भीडपनि निकै पातलिएको छ । हजारौं श्रीलङ्केलीहरू सानो बस र भ्यानमा विमानस्थलमा विदेशमा काम गर्न जाने व्यक्तिलाई छोड्न वा फर्केकालाई स्वागत गर्न आइरहेका देखिन्थे ।

यसरी भिड घट्नुको अर्को कारण पनि नभएको होइन, सरकारले सुरक्षाको कारण देखाउँदै प्रतियात्रु दुईजनाभन्दा बढी सहयोगीलाई विमानस्थलमा आउन रोक लगाएको छ । हालैमात्र विद्रोही तामिल टाइगरले दुई पटक विमानस्थलमा क्षेप्यास्त्र आक्रमण गरेपछि सरकारले यो व्यवस्था गरेको हो ।

अन्तर्राष्ट्रिय श्रम संगठन तथा आप्रवासीकामदार समूहहरूको सहायता लिएर सरकारले आप्रवासी कामदारका विषयमा राष्ट्रिय नीति निर्माण गर्ने सन्दर्भमा छलफल चलाइरहेको छ । सो छलफलमा कामदार तथा उनीहरूको परिवारको सुरक्षा सम्बन्धी राष्ट्रसंघीय महासन्धिको अनुशरण गर्दै छलफल चलिरहेको छ। सो राष्ट्रसंघीय महासन्धिलाई श्रीलङ्काले अनुमोदन गरिसकेको छ ।

श्रीलङ्कास्थित वैदेशिक कामदार केन्द्रका रुहुनुग नयाँ निर्देशिकाले प्रष्ट नीति बाहिर ल्याउने छ । यसमा कामदारको अधिकारको संरक्षण र उनीहरूको कल्याण, पहिचान राष्ट्रियस्तरको चेतना, आप्रवासका लागि सीमा र आवागमनका सम्बन्धमा सो नीतिमा प्रस्ट उल्लेख गरिनेछ ।

रामबुक वयलाले व्यवस्थापिकामा गैर कानुनी ढंगले आवागमन गर्ने र भिसाको म्याद गुजारेर बस्ने कामदारहरूलाई सजाय हुने प्रावधान पनि समावेश गरेर कानुन बन्न लागेको जानकारी गराएका छन् । 'कुनै कामदार विदेशमा भिसाको म्यादभन्दा बढी समय बसोबास गर्दछ भने मुलुकका लागि बदनामीको विषय हुन जान्छ, उनले भने ।

सरकारी अधिकारीहरूको धारणा छ, १५ लाख श्रीलङ्केली कामदार बाहिरी मुलुकमा कार्यरत रहेकोमा झण्डै १० लाख मध्यपूर्वका मुलुकमा छन् । उनीहरूका लागि बजार विस्तार हुनु आवश्यक छ । कोरिया, जापान, नर्वे, इजरायल तथा युरोपमा पनि विदेशी कामदारका लागि अवसरको सम्भावना बढ्दै छ ।

विदेशमा गएर काम गर्ने श्रीलङ्केली नागरिकबाट मुलुकलाई दुई अरब ५० करोड अमेरिकी डलर बराबरको रेमिटेन्स गतवर्ष मात्र प्राप्त हुन आएको हो। अघिल्ला वर्षहरूको तुलनामा गतवर्ष श्रीलङ्काले रेमिटेन्सका माध्यमबाट ठूलो परिमाणमा डलर भित्र्यायो ।

तर आप्रवासीकामदार र उनीहरूलाई भित्र्याउने समूहहरू तथा कामखोज्ने दलालहरू भने सरकारसँग खुसी छैनन् । उनीहरू अप्रसन्न हुनुका अन्य कारणहरू छन् ।

आप्रवासी कामदार केन्द्रका वरिष्ठ निर्देशक डेभिड स्वेसा सरकारलाई आलोचना गर्दै भन्छन्- यसले धेरै बोल्छ र कामभने थोरै गर्छ । 'कामदारको ठूलो समस्या कार्यस्थलमा उनीहरूले अधिकार प्राप्त नगर्नु अर्थात् उनीहरूलाई स्वीकार गर्ने मुलुकले पक्षपातपूर्ण व्यवहार गर्नु नै उनीहरूको मुख्य समस्या हो । कार्यस्थलमा उनीहरूको कुनै अधिकार नै छैन, उनीहरू शोषणमा परिरहेका छन्,' उनले काम दिलाउने दलालहरूले पनि यस दोषको भागीदार हुनुपर्छ भने ।

गत फेब्रुअरीमा मौरिससमा कार्यरत श्रीलङ्केली महिला समूह घर फर्क्यो । उनीहरूको गुनासो के थियो भने काम गर्ने घण्टा वा समयावधि लामो भएको र बसोबासका लागि कमजोर व्यवस्थापन भएको भन्दै उनीहरू घरफर्किएका थिए ।

'हामीहरू एउटै कोठामा एकैसाथ ६० जनासम्म खाँदिएर सुत्नुपर्थ्यो। मौरिससबाट फर्किने समूहकी नाइके अमाली विजयसिङ् घेले भनिन् 'म पहिला सिलाई मेसिन चलाउने व्यक्तिका रूपमा भर्ना भएकी थिएँ तर जब मैले कामदारको अधिकारका बारेमा कुरा उठाएँ तब उनीहरूले मलाई पदोन्नति गरेर 'मेट्रोन' बनाए । र तलब पनि बढाए। यसो गर्नुको रहस्य थियो मैले अधिकारका लागि आवाज उठाउँदिन र चुप लागेर बस्छु भन्ने उनीहरूको आशा। तर म चुप लागिन,' उनले आईपीएसलाई भनिन्। २०० भन्दा बढी श्रीलङ्केली कामदार फेब्रुअरीमा कार्यस्थलमा दिइने अधिकारप्रति चित्त नबुझाएर घर फर्किएका थिए ।

गएगुज्रेको आवास, पहिला सहमति गरेको भन्दा लामो समयसम्म काम गर्नुपर्ने अवस्था, समयमा भुक्तानी नदिनेजस्ता समस्या आम मुद्दाहरू हुन्। कामदारका रूपमा सबैभन्दा बढी शोषित हुने बर्ग घरेलु कामदार नै हो । बढी मात्रामा घरेलु कामदार जसको बीचैमा काम छोडेर घर फर्किने अवस्था छैन, उनीहरू सर्वाधिक पीडित बनेका छन् ।

# पुराना जलभण्डारको व्यवास्ताले मुल्य बढायो

– सोमा बासु

मधुराई, तामिलनाडु (**आई.पी.एस्./एन्.पी.आई.**) – तामिलनाडु राज्यको दक्षिणी सहरमा रहेको पेगोडा शैलीको साधारण वास्तुकलाले सबैको ध्यान आकर्षित गर्दछ । यस वास्तुकलालाई युनेस्कोको विश्व सम्पदा सूचिमा सूचीकृत पनि गरिएको छ । यसका बारेमा थोरै व्यक्तिलाई मात्र जानकारी भएता पनि यसको महत्व भने कम छैन । वास्तवमा यो विशाल जलभण्डार हो । शताब्दीयौं पुरानो सांस्कृतिक केन्द्रलाई पानी आपूर्ति गर्ने ट्याङ्की यही नै हो ।

इतिहास पढ्नेहरूलाई थाहा छ । मधुराईको विगत कलाले सजिएको छ । इतिहास पढ्दा यसको विकास कसरी भयो र आधुनिकतामा यसले कसरी प्रवेश गऱ्यो भन्ने तथ्यको खुलासा हुन्छ । इतिहासकालमा नगरवासीलाई पानी आपूर्ति गर्न यहाँ वर्षाको पानी भण्डारण गरिन्थ्यो । तर, कालान्तरमा पुरानो जलआपूर्ति व्यवस्थामाथि स्थानीय व्यक्तिहरूबाटै आक्रमण भयो ।

यस जलभण्डारको विकास स्थानीय शासक तथा स्थानीय समुदायले शताब्दीयौंअघि गरेको जलभण्डार तथा पोखरी बेवास्ताकै कारण भताभुङ्ग भएको हो । पछि आएर जमिन मुनिको पानी तान्ने र आधुनिक पाइप विछ्याउने पद्धति सुरु भएपछि पुरानो जलभण्डारतिर फर्किएर कसैले हेरेन ।

यद्यपि मधुराई निगम जसमा जनताबाट चुनिएका प्रतिनिधिहरू समाहित छन्, ले सहरको आवश्यकताप्रति चासो राख्दै पुरानो पद्धतिलाई विस्थापित गर्ने र नजिकैको भैगाई नदीबाट पर्याप्त परिमाणमा गुणस्तरीय पानी ल्याउने योजनामा लागेका छन् । अहिले आएर जमिन मुनिको पानी तान्ने पद्धतिको पनि व्यापक विस्तार भएको छ ।

केही व्यक्तिहरूको अनुमान के छ भने आगामी ५ देखि ७ वर्षभित्र नगरमा वितरित ८० प्रतिशत पानी प्रदूषित तथा मानव प्रयोगका लागि अनुपयुक्त हुनेछ । पुरानो पानी ट्याङ्कीको बेवास्ताका कारण गम्भीर प्रकृतिको वातावरणीय क्षति पनि सहरले बोक्नु पर्नेछ । नगर क्षेत्रको गल्तीले वरिपरिको वस्ती पनि प्रभावित हुन्छ ।

'वातावरण प्रदूषित गर्ने काम पूर्वाग्रही मानसिकताका व्यक्तिहरूबाट भएको छ । यस विषयलाई मूलधारमा ल्याएर प्रस्तुत गर्ने काम हुन सकेको छैन,' वातावरण सेवा केन्द्र नामको गैससका संस्थापक अध्यक्ष यसभी पाथी भन्छन् । पाथीको केन्द्र वातावरणीय क्षेत्रमा उत्कृष्ट निगरानीकर्ता मानिन्छ ।

एकदशकदेखि पाथी नगरका आवास क्षेत्रहरूमा पानीको शुद्धीकरण, स्रोतको व्यवस्थापन र आपूर्ति व्यवस्थाबारे सचेत गराउँदै आएकाछन् । 'तीब्र गतिले सहरी करणको वृद्धि भएका कारण पानीका पुराना स्रोत जलभण्डार, ताल र पोखरीहरू सुक्नेछन्, उनले चिन्ता प्रकट गरे ।

बिडम्बनाको कुरो के छ भने मधुराईको जल आपूर्ति प्रणाली शताब्दीयौं पुरानो हो । पानी संचय गर्ने र कृषि प्रयोजनका लागि समेत आवश्यक परेको बेला सो पानी प्रयोग गर्ने परम्परा रहेको छ । यसका लागि ठूलादेखि सानासम्म जलभण्डारहरूको व्यवस्था गरिएको छ ।

तर, जमिन मुनिको पानी बोरिङ्ग गर्दै निकाल्न थालिएपछि पानीका परम्परागत स्रोतहरू सुक्न थालेका छन् । पानीमा नुनको मात्रा बढ्न थालेको र जलसतह घटेको छ । 'पम्प गरेर जमिनमुनिको पानी तान्ने पद्धतिले जलचक्र प्रभावित भएको छ । जहाँसुकै प्रकृति अनिश्चित र अस्थिर बन्न पुगेको छ र स्थानीय बासिन्दाहरू अस्वच्छकर पानी पिउन वाध्य भएका छन् । अनुपयुक्त ढल निकासका कारण मधुराईको पानीमा प्रदूषणको मात्रा तीब्र गतिले बढ्दैछ,' यम रत्नपाती नामका बरिष्ठ नागरिक दुखेसो पोख्छन् ।

यस सहरमा १७ लाख जनता बसोबास गर्छन् जसलाई शुद्ध खाने पानीको अभाव छ । आठवटा पम्पिङ्ग केन्द्रबाट २५ अरब लिटर पानी निकालिन्छ । जसमध्ये ठूलो परिमाण धान र उखुका लागि आपूर्ति हुन्छ । यी दुवै बाली बढी पानी शोषण गर्ने बर्गमा पर्दछन् । यो बालीको क्षेत्र पनि विस्तारित हुँदैछ ।

निरन्तर जमिन मुनिको पानी निकालेका कारण जमिनमुनि ३०० फिट खनेपछि मात्र सहरमा पानी निस्कने भएको छ । त्यसरी निकालिने पानीमा पनि क्षारीय मात्रा बढेको र प्रदूषण देखिएको स्वास्थ्यकर्मीहरू बताउँछन् ।

सहरका अधिकांश भागमा खाने पानीको व्यवस्था मधुराई निगमले गर्दछ । निगमले निरन्तर रूपमा पानीको आपूर्ति गर्न नसकेका कारण उपभोक्ताहरू पानी आपूर्ति गर्ने निजी कम्पनीहरूलाई गुहार्छन् र अतिरिक्त मूल्य चुकाउँछन् ।

अहिले २५ लिटरको पानीको जारलाई ३५ भारु पर्न आउँछ । यही क्रम कायम रहे २०१० मा यसको मूल्य बढेर १०० भारु हुनेछ । आगामी तीन वर्षभित्र नगरको सम्पूर्ण खाने पानी आपूर्ति व्यवस्था निजीकरण हुनेछ ।

सरसफाइ सेवा नामको गैससले हालै गरेको एक अध्ययन अनुसार मधुराई नगरका ९० प्रतिशत बासिन्दा अहिले अस्वस्थकर अवस्थामा बसिरहेका छन् । 'व्यापक रूपमा पानीको अभाव भएका कारण पानी संग्रह गर्नु त कहाँ हो कहाँ दैनिक रूपमा नभई नहुने पानीको मात्रासमेत कसरी आपूर्ति गर्ने भन्ने चिन्तामा छन्,' पाथीले जानकारी गराए ।

दुर्भाग्यबस प्रमुख जलभण्डार मधुराई निगमको कमजोरीका कारण अस्तित्वमा छैन । वर्षौंदेखि पुरानो जलभण्डारको सट्टा नयाँ ट्याङ्की र यस्तै अन्य उपायहरूको अवलम्बन गरिएको छ ।

उदाहरणका लागि सेनगुलाम र कालाकुलममा रहेका पुराना पानी ट्याङ्कीहरू जिल्ला अदालत र निगम कार्यालयले अधिकरण गरेका छन् । शताब्दीयौं पुराना उडाल अलागर, मन्दिर शैलीको पानी ट्याङ्की अस्तव्यस्त छ । यसका लागि १२ हजार डलर खर्च गरेर पनि यसले कामदिने स्वरूप ग्रहण गर्न सकेको छैन ।

२००२ मा वर्षाको पानी संचय गरेर बालीनालीमा लगाउने पद्धति अपनाइयो यसका लागि १.५ एकड क्षेत्रफलको ट्याङ्की तयार पारियो । घरको छानाबाट संकलन भई जम्मा हुने पानी ट्याङ्कीमा ल्याइन्थ्यो । यसका लागि लाग्ने जम्मा खर्चको ७५ प्रतिशत लागत राज्य सरकारले र बाँकी उपभोक्ताहरूले वहन गर्ने निर्णय लिइयो । यस ट्याङ्कीका लागि लगानी गर्ने काम २.५ एकड क्षेत्रफलमा फैलिएको ट्याङ्कीको वरिपरि रहेका ४० घरहरूले गर्ने भए । उनीहरूकै घरको छानाबाट जम्मा भएको पानी संकलित हुने व्यवस्था मिलाइयो ।

सरकारी कर्मचारी भै इन्जियिर विभागमा सेवा पुऱ्याएका तर हाल अवकास प्राप्त एन वैद्यनाथन त्यस परियोजनाका संयोजक थिए । ८५० मिलिमिटर पानी पर्दा एक करोड लिटर पानी जम्मा हुन पुग्यो । तर, परियोजनाको कार्यान्वयनपछि १ करोड ५० लाख लिटर क्षमताको ट्याङ्कीमा ६० प्रतिशत मात्र पानी जम्मा भयो ।

बिस्तारै पानी नजिकैको क्षेत्रमा प्रवाहित हुन पुग्यो वा सुक्दै गयो । तर, ट्याङ्की वरिपरि रहेका द्वारहरू काम नलाग्ने भएकाले सबै पानी बाहिर जान भने पाएन । सरकारले बैकल्पिक प्रस्ताव खोज्दै छ । दिनदिगुल नगरबाट वर्षाको पानी संकलन गरेर भण्डारण गर्ने योजना रहेको छ । दिनदिगुल मधुराईबाट करिब ५० किलोमिटर टाढा पर्दछ ।

छिमेकमा रहेका जलाशयहरू जैविक विविधताका लागि महत्वपूर्ण रहेका छन् । तर, तिनीहरू फोहर फाल्ने घरेलु घुऱ्यान हुन पुगेका छन् त्यहाँ अस्पतालको फोहर ढलको पानी कृषि तथा औद्योगिक क्षेत्रको फोहर थुपार्ने गरिएको छ । यसले गर्दा लामखुट्टे जन्माउने र प्रदूषण फैलाउने काम मात्र भएको छ । यसले गर्दा औपचारिक रूपमै ऐतिहासिक पानीका ट्याङ्कीहरूको नाम 'सिचाईं प्रणाली ट्याङ्की' पर्न गएको छ । यसलाई सरसफाइ र व्यवस्थित गर्ने काम दुर्लभ भएको छ ।

मधुराईको प्रमुख जलभण्डारमध्येको एक ७०० एकडमा फैलिएको भाडदियुर ट्याङ्की हो । अहिले आएर यो नगरको फोहर फाल्ने मैदान भएको छ । ७ भन्दा बढी नै अस्पतालको फोहर यहीं आइपुग्छ । फोहर फालिएको यस ठाउँबाट थोरै परिणाममा आज पनि पानी प्रवाहित भइरहेको छ । सबै प्रकारको पानी जस्तो नगर, घरेलु, अस्पताल, ढल र कपडा उद्योग तथा मार्बल पोलिसिङ्ग उद्योगबाट निक्लिएको पानी नदीमै पुग्छ र प्रदूषित बनाउँछ ।

मुख्य विषय भनेको पानीप्रति सरकारको नीति हो । जस्तो माछा मार्ने व्यक्तिले पानीको मात्रा सुकाउने वनस्पति रोप्छ र माछा मार्न सजिलो बनाउँछ । किसानहरू कांक्रा र भाण्टाजस्ता वनस्पति गैरकानुनी रूपमा उमार्छन् । भाडदियुर ट्याङ्की रहेकोजस्तो ठाउँहरूमा बसाई सर्दै आउने चराहरू चर्न आइपुग्छन् र प्रदूषण वा रोग फैलाउँछन् । प्रदूषित ठाउँमा उम्रिएका कांक्रा र भाण्टाको सेवनबाट पनि स्वास्थ्यमा हानी पुग्न सक्छ ।

बद्री नारायण नामका चराविद्ले आधा दर्जन २५० देखि ७०० हेक्टरसम्मका जलाशयमा चराहरू विचरण गर्न आउँछन्, यसको संरक्षण गरियो भने पर्यटकको संख्या बढाउन सकिन्छ भनेर सरकारसँग प्रस्ताव गरेका छन् । 'मानिसहरू पानी सम्पत्ति हो र वर्षा यसको प्रारम्भिक स्रोत हो भन्ने तथ्य बुझ्न थालेका छन्,' नारायण भन्छन् ।

तर वर्षाको पानीबाट खेती गर्ने कार्य सीमित हुँदैछ । गत एक दशकको हिसाब निकाल्ने हो भने तामिलनाडुको यस भागमा वर्षा १२ प्रतिशतले न्यून भएको छ । यसको प्रभाव विभिन्न क्षेत्रहरूमा देखिएको छ । सधैं पानीले भरिने नदीहरूमा वर्षको ६५ दिन मात्र पानीको स्वरूप देखिने अवस्था सृजना भएको छ ।

'पर्याप्त वर्षा नभएपछि हामीले कसरी वर्षे बाली लगाउने ?' वर्षाको पानी प्रयोग गरी बाली लगाउने कृषकहरूको समितिका प्रमुख राजेन्द्रन प्रश्न गर्छन् । पहिला मजाले खेती गरिने ठाउँहरू अहिले बाँझै रहेको जानकारी गराउँदै उनी भन्छन्- मानिसले जसरी होस् पानी थुन्ने र संकलन गरेर राख्ने सीप सिक्नु परेको छ । यसका लागि पुराना जलाशय सफा गर्नु र परम्परागत जलभण्डारणको शैली पुनर्जीवित गर्नु आवश्यक छ ।

# बाल–मस्तिष्कमा युद्धको प्रभाव

– मार्क विजेनमिलार

टिम्पा, अमेरिका (**आई.पी.एस्./एन्.पी.आई.**) – गएको अप्रिल १६ तारिकका दिन भर्जिनिया प्राविधिक विश्वविद्यालयको कलेजमा ३२ व्यक्तिको सामूहिक हत्या गरियो । यो जघण्य कार्य २३ वर्षीय एक सन्काहा युवकले जथाभावी गोली चलाएका कारण भएको थियो । यस दुःखद घटनालाई लिएर अमेरिका तथा बाहिरका सञ्चारमाध्यमले मुख्य समाचार बनाए ।

तर आजको नयाँ पुस्ता किन यति हिंसक भएको, उसको संवेग र चिन्ता के हो भन्ने विषयमा भने खास प्रकाश पारिएन । खासगरी द्वन्द्व प्रभावित क्षेत्रमा रहेका बालबालिकाको मानसिक अवस्थालाई लिएर विश्लेषण गरिएन । खासगरी राष्ट्रसंघीय निकाय युनिसेफले यस विषयमा ध्यान दिनु र मानसिक विकृतिको शिकार बालबालिको परिवारसम्म पुग्नु आवश्यक छ ।

सामाजिक मनोविज्ञानको पृष्ठभूमि बोकेकी युनिसेफकी बालबालिका संरक्षण अधिकृत अमान्दा मेलभिल भन्छिन्, विश्वमा आज मानसिक रूपले विकृत बालबालिकाको संख्या कति छ भन्ने तथ्याङ्क छैन, 'किनभने यो नितान्त विषयगत प्रश्न हो ।'

हैटी, इण्डोनेसिया, इरान तथा प्यालेस्टाइन जस्ता मुलुकमा ६ वर्ष बसेर युनिसेफका लागि काम गरिसकेकी मेलभिल आईपीएसलाई भन्छिन्, 'युद्ध क्षेत्रमा रहेका बालबालिकाको प्रतिक्रिया एकै प्रकारले मात्र अभिव्यक्त हुन्छ भन्ने केही छैन । मनोवैज्ञानिक रूपमा कोही विद्रोही बन्छन् भने कोही निराश देखिन्छन् । केही बालबालिका सानैमा बाबु मारिएका कारण घरको सम्पूर्ण जिम्मेवारी समाल्न बाध्य हुन्छन् । यस्तोमा उनीहरूमा परिपक्वता नदेखिनु अस्वाभाविक होइन ।'

युनिसेफले युद्धमा रहेका बालबालिका सम्बन्धमा जानकारी गराएको छ, 'युद्धको प्रभावमा रहेका बालबालिका संवेगात्मक तथा मनोवैज्ञानिक रूपमा प्रभावित हुने गर्दछन् । बाबुआमा वा आफन्तको नृशंस हत्या भएको, परिवारबाट बिछोड, मायालु व्यक्ति मारिएको वा सजायमा परेको दृश्य, घर तथा समाजबाट विस्थापन, लडाका रूपमा परिचय बन्नु, भाग्दै हिड्ने अवस्था सिर्जना हुनु, अपहरण, गिरफ्तारी र थुनामा पर्नु, बलात्कार, सजाय, विद्यायल वा समुदायबाट निकालिनु र अनिश्चित भविष्यमा पर्नु युद्धमा रहेका बालबालिकाको नियती हुन आउँछ ।'

भर्जिनिया कलेजको हत्याराका सम्बन्धमा अपराधविदहरूको भनाइ के हो भने, उसले बदलाको भावनाले गोली चलाएको हुनसक्ने न्यून सम्भावना छ । बदलाको भावना राख्ने चरित्र वयस्कको हो, बाल्यावस्थाको होइन ।

'बदलाको भावना लिनु नकारात्मक अवधारणा हो । परिपक्कताको अवस्था तथा हिंसात्मक गतिविधि अपनाएर त्यसको दोष शिरोपर गर्ने अवस्था बाल्यकालको परिचय होइन । यद्यपि वयस्क व्यक्तिहरू आफ्नो अनुभव र परिपक्वता देखाएर हिंसारहित मार्ग अवलम्वन गर्दै गलत तत्वविरुद्ध खडा हुन नसक्ने भने होइनन्,' तालाहासी स्थित फ्लोरिडा स्टेट विश्व विद्यालयका मनोविज्ञान अनुसन्धान कार्यक्रमका सञ्चालक डाक्टर चाल्स फिग्ले भन्छन् ।

संयुक्त राष्ट्रसंघका तत्कालीन महासचिव कोफी अन्नानले उनको कार्यकालको अन्त्यमा प्रस्तुत प्रतिवेदनमा युद्धक्षेत्रमा परेका बालबालिकाको सन्दर्भमा प्रकाश पारेका छन् । प्रतिवेदनमा भनिएकोछ, १९९६ देखि २००६ का बीच २० लाख बालबालिकाहरू द्वन्द्वका कारण मारिएका छन् भने ६० लाख घाइते भएका छन् । सो प्रतिवेदनका कारण २००६ को

नोभेम्वर महिनामा संयुक्तराष्ट्रसंघ सुरक्षा परिषद्ले सैनिकका रूपमा बालबालिकालाई नियुक्त गर्ने कार्य प्रतिबन्धित गऱ्यो ।

द्वन्द्वमा परेका बालबालिकाको मानसिक अवस्था कस्तो होला ? अलाबामा स्थित बोस्निया-हर्जगोबिनामा घातक पीडाको शिकार बालबालिकाको उपचारमा सक्रिय मनोविद डाक्टर तेरिइलिवट भन्छिन्- पीडित बालबालिकाको मस्तिष्कमा विगतका घटनाहरू चक्रजस्तै घुम्दै आउने गर्दछन् ।

'धेरै बालबालिका युद्ध क्षेत्रमा जन्मिएका छन्,' उनी भन्छिन् 'यदि तपाईं युद्ध क्षेत्रमा जन्मिनु भएको हो भने तपाईंको अवस्था पनि अवश्य भिन्न प्रकृतिको हुन सक्छ । यस क्षेत्रका बालबालिकाका बाबुआमा बढी सचेत छन् भने छोराछोरीलाई घातक प्रभाव पर्नबाट जोगाउन सक्छन् । जति राम्रो व्यवहार बाबुआमाको भयो केटाकेटीमा पनि त्यसकै प्रभाव पर्ने हो । विश्वमा बालक उभिएको मुलुक युद्ध क्षेत्र हो वा होइन, त्यो दोस्रो प्राथमिकताको विषय हो ।

अधिकांश मानसिक रूपले अस्वस्थ भएका वा दबाबमा रहेका बालबालिका पीडा पछिको अवस्थामा हुन्छन् भन्ने विचार फिग्लेको रहेको छ । 'चम्किलो रङ्ग वा चर्को आवाजले यस्ता बालबालिकालाई पीडा पुऱ्याउँछ । उनले आईपीएसलाई भने- यस प्रकारका अनुभवहरूलाई पीडित बालबालिकाले कसरी ग्रहण गर्छन्, त्यसमा उनीहरूको अवस्था निर्भर गर्दछ । घटनापछि उनीहरूले बाँकी विश्वलाई कसरी विश्लेषण गर्छन्, त्यसमै उनीहरूको अवस्था निर्भर गर्दछ ।

फिग्ले स्वयं अमेरिका-भियतनाम युद्धका ज्ञाता हुन् । उनी भन्छन् 'केही मुलुकहरूका लागि मानसिक अस्वस्थता सामाजिक प्रतिष्ठाको विषय बन्ने गर्दछ । सांस्कृतिक अवधारणाले पनि व्यक्तिलाई प्रभाव पार्दछ । उदाहरणका लागि एक हप्तापछि म कुवेतमा जाँदैछु । कुवेतीले बाँकी विश्वलाई कसरी हेरेको छ भन्ने कुराले पनि त्यहाँका बालबालिकाको मानसिक विमारी निर्धारण गर्दछ । अमेरिकामा रहेका बालबालिका र कुवेतका बाल बालिकाको मनस्थिति एउटै नहुन सक्छ' ।

'अफगानिस्तान र कुवेत दुवै युद्ध प्रभावित मुलुकहरू हुन् । विश्वको प्रेसले यी मुलुकलाई महत्व दिँदै आएको छ । तर यी मुलुकहरूमा बालबालिकाको अवस्था के छ भनेर सञ्चारमाध्यममा प्रमुखता दिएको पाइँदैन । वास्तवमा यो विषयले प्राथमिकता पाउनुपर्ने हो,' इलिवटले भने 'द्वन्द्वबाट प्रभावित व्यक्तिको पहिलो प्राथमिकताको विषय भनेको खान, सफापानी र आवास नै हो । यस्तो अवस्थामा व्यक्तिको मानसिक स्वास्थ्यको विश्लेषण आधारभूत वस्तुकै आपूर्तिमा अल्झिएका व्यक्तिहरूका लागि प्राथमिकतामा पर्दैन,' ।

मेलभिल व्याख्या गर्छन्, 'बालबालिक(ाको मानसिक समस्या विभिन्न क्षेत्रमा फरक- फरक देखिन्छ । प्यालेस्टाइन जहाँ मैले काम गरें, त्यहाँ बालबालिका सामाजिक दबाबमा रहेका देखिए । त्यसैले हामी 'युनिसेफ' ले सल्लाहकार समूह गठन गर्‍यौं र मानसिक रूपले पीडित व्यक्तिलाई सल्लाह दिन थाल्यौं । उनीहरूलाई एकै ठाउँमा राखेर सामाजिक अवस्थाका विषयमा कुरा चलायौं तर राजनीतिक पक्षको कुरा गरेनौं । बालबालिका हिंसाका विषयमा आफ्ना साथीबीच खूब गफ गर्न चाहँदारहेछन् भन्ने कुरा हामीले चालपायौं,' ।

उनले युनिसेफ टोलीमा रहेर उनले 'खेल उपचार विधि र कुराकानीका माध्यमद्वारा र उमेर अनुसार समूह उपचार विधि,' अप्नाउने कार्य गरिन् । जब धेरै अमेरिकी नागरिकहरू मानसिक रूपले पीडित बालबालिकाको पछाडि हिंसा नै कारक हुन्छ भन्ने धारणा राख्दछन्, यो धारणा पनि अन्तर्राष्ट्रिय समस्याको विषय हो । कस्ता प्रमाणहरू पनि पाइन्छन् भने अमेरिकाको राजधानी जहाँका बाल बालिकाले युद्धको अवस्था भोग्नुपरेको छैन, ले पनि युद्धग्रस्त क्षेत्रका बाल बालिकाले जस्तै मानसिक पीडा भोग्नु परेको उदाहरण देख्न सकिन्छ ।

डाक्टर रोनाफिल्स वासिङ्गटनस्थित हवार्ड विश्वविद्यालयका औषधि विज्ञानका प्राध्यापक हुन् । उनी दशकौं लामो मानसिक उपचारको अनुभव सुनाउँदै आईपीएसलाई बताउँछिन् । उनले बालबालिकामा डर र त्रासको सृजना कसरी हुन्छ भन्ने विषयमा पीडादायक घटनाका प्रत्यक्षदर्शीहरूसँग जिल्ला तथा कोलम्बियामा भेटेर कुराकानी गरिन् । 'मैले अनुसन्धान गरेका केही बालबालिकाको अवस्था ठिक त्यस्तै पाएँ जस्तो युद्ध-क्षेत्रका बालबालिकामा पाइन्छ' ।

'गरिबी तथा निरन्तर अघि बढेको हिंसात्मक गतिविधिले बालबालिकामा प्रभाव पारेको छ । यसले गर्दा युद्धबाट प्रभावित नभएका क्षेत्रका बालबालिकामा पनि युद्ध क्षेत्रका बालबालिकाको जस्तै मानसिक अवस्था देखा पर्दछ,' फिल्सले भनिन् ।

# जलवायु परिवर्तनका कारण समुन्द्र मुनिको सौन्दर्यमा ह्रास

– सुभेन्द्रिनी काकुची

टोकियो (आई.पी.एस्./एन्.पी.आई.) – राजधानीबाट ६४० किलोमिटर दक्षिण-पश्चिममा रहेको कुसिमोतो सामुद्रिक पार्क जापानकै एक गर्विलो सम्पत्ति हुने प्रयासमा रहेको छ । त्यस पार्कको विषेशता समुद्र भित्रको जीव, वनस्पति र स्टारफिस भनिने माछा रहेको छ । खासमा सिपीले बनेको चट्टान वा टापुका कारण त्यस पार्कको सौदर्य बढेको हो ।

स्थानीय सरकारले समुद्रको सौदर्य संरक्षणका लागि योजना बनाएको छ र त्यस योजनामा स्वयंसेवी वातावरणप्रेमी व्यक्तिहरू संलग्न रहेका छन् । स्वयंसेवकहरू समुद्रमा डुबुल्की लगाउँछन् र स्टारफिस धपाउँछन् ।

'कुसिमोतो पार्क वरिपरिको सामुद्रिक क्षेत्रमा १९७० को दशक र आजको अवस्था हेर्दा एक डिग्री तापमान बढेको देखिन्छ । यसले गर्दा यहाँको सामुद्रिक सौन्दर्य र स्टार फिसमा नकारात्मक असर परेको छ । कुनै क्षेत्रबाट जीव जन्तुलाई हटाउनु कठिन कार्य हो तर हाम्रा पौडीबाज वातावरणविदहरू यस कार्यम लागेका छन्,' सामुद्रिक पार्कमा कार्यरत जीव विज्ञ किचिनोमुरा भन्छन् ।

नोमुरा स्टारफिस हटाउने परियोजनाका प्रमुख हुन् । सामुद्रिक पौडीबाजहरू समुद्रभित्र डुबुल्की लगाउँछन् र चिम्टाको सहायताले माछाहरू धपाउँछन् । त्यसो त माछा धपाउन रसायनको प्रयोग गर्न पनि सकिन्छ तर त्यसको असर घातक हुने भएकाले यो विधि अपनाइएको हो । किनभने उनीहरूको मुख्य उद्देश्य समुद्र भित्रको सुन्दरताको रक्षा गर्नु मात्र हो ।

प्रयासको परिणाम पनि देखापरेको छ । कुसिमोतो जापानको सुन्दर दृश्यहरूले सजिएको सबैभन्दा ठूलो क्षेत्र हो । यो विश्वकै सुदूर उत्तरी कुनामा रहेको सामुद्रिक सौन्दर्य समुदाय हो । यस क्षेत्रलाई विशेष मूल्यवान क्षेत्रका रूपमा २००५ को नोभेम्बरमा रामसार सम्मेलनले घोषणा गरेको हो । त्यस सम्मेलनले त्यस सौंदर्यलाई अन्तर्राष्ट्रिय सम्पत्ति र जैविक प्रणालीका रूपमा स्वीकार गरेको छ । कुसिमोतोले बाणिज्य क्षेत्रमा पनि सगाउपुऱ्याएको छ । पर्यटकहरू फुर्सतको समय बिताउन र बल्छीमा माछा पार्न यहाँ आउँछन् । यस अतिरिक्त वैज्ञानिक अनुसन्धानका लागि पनि व्यक्तिहरू यहाँ आउँछन् । अनुसन्धानको विषय जलवायुको परिवर्तनका कारण जीव तथा वनस्पतिमा परेको प्रभावका सम्बन्धमा अध्ययन गर्दछन् । अध्ययनको विषय तापमानको वृद्धि मात्र नभई सामुद्रिक तापको बहाब र त्यसको उपचार पनि रहेको छ । सामुद्रिक निधि सौन्दर्य तथा अन्य विशिष्ट प्रकृतिका जीवको रक्षामा अनुसन्धानकर्ताहरू केन्द्रित छन् ।

'जापान संकटग्रस्त सामुद्रिक सिपी टापुको संरक्षणमा लागेको मुलुक हो । यस प्रकारको कार्य सरकार तथा अन्य क्षेत्रको समुन्वय तथा साझेदारीमा विश्वव्यापी पहल नभई सम्भव छैन,' वातावरण मन्त्रालयका जैविक विविधता नीतिकार केइसुक ताकाहासी भन्छन् ।

२००८ लाई सिपीको अन्तर्राष्ट्रिय वर्ष मनाउने योजनाअनुसार पालाउका साथ मिलेर जापानले २००७ मा टोकियोमा अन्तर्राष्ट्रिय सिपी टापु अभियान सुरु गरेको छ ।

सम्मेलनमा प्रस्तुत तथ्याङ्कअनुसार यो चिन्ता जापानको मात्र होइन, पूरै क्षेत्रको हो, किनभने सामुद्रिक जैविक विविधताले समृद्ध एसियाको सिपी चट्टान संरक्षणको उचित उपाय अवलम्बन नगर्ने होभने आगामी ३० वर्षभित्र ३० प्रतिशतले यो विनाश हुनेछ ।

जापानको सिपी चट्टानमध्ये ८० प्रतिशत ओकिनावाको नजिक र सामुद्रिक टापुको वरिपरि छ । यो

क्षेत्र पर्यटक तथा अमेरिकी सैनिक शिबिरका कारण प्रभावित छ ।

मानव आवागमनकै कारण समुद्रमा रातो माटोको बहाब देखिन्छ, जापान वरिपरिको वातावरणमा तापमान बढेको छ । यसले गर्दा स्टारफिसको परिमाण बढेको छ र सिपी चट्टान छोपिएको र निसासिएको छ ।

जीवविद् काजुहीको सकाई ञ्युकोकु विश्वविद्यालयका जैविक विविधता अनुसन्धान विभागसाग सम्बद्ध व्यक्ति हुन् । उनी सिपी चट्टान संकटमा परेको विश्वास गर्दछन्, 'एकातिर सिपी चट्टानका ज्ञाताहरूको अभाव छभने अर्कातिर बढ्दो भूमण्डलीय तापका कारण पनि यसलाई असर परेको छ । जैविक विविधताको सुरक्षाका लागि वातावरण संरक्षण तथा व्यवस्थापन नीतिले पनि जापानको संरक्षण परियोजनालाई कमजोर बनाएको छ ।'

टोकियो सम्मेलनमा सम्बद्ध विषयका ज्ञाताहरूले विभिन्न सरोकारवालाहरूसँग सिपी चट्टानको संरक्षणको विषयमा सरसल्लाह गरे । उदाहरणका लागि कृषि तथा निर्माण उद्योगको संलग्नताले रातोमाटो समुद्रमा प्रवाहित भएको विषयमा सघाउ पुग्ने निष्कर्ष निकाले ।

'सिपीको विनाशविरुद्ध लड्नका लागि विभिन्न क्षेत्रहरूलाई एकसाथ अगाडि बढाउनु आवश्यक छ । एसिया प्रशान्त क्षेत्रमा सिपी चट्टानको संरक्षणका लागि जापानले नेतृत्वदायी भूमिका खेल्नु र आधारभूमि तयार बनाउनु आवश्यक छ,' ताकाहासीले भने ।

यस विषयमा प्रोत्साहनका लागि २००८ को सिपी चट्टान अन्तर्राष्ट्रिय वर्ष मनाउनका लागि छिट्टै प्रारम्भ गरिने राष्ट्रिय प्रवर्द्धन समितिको गठन गर्न वातावरण मन्त्रालयले तयारी गरेको छ । यो प्रवर्द्धन कार्य नयाँ संरक्षण शैलीका लागि लगानी हो, जापना अन्य सम्बद्ध जैविक प्रणालीका क्षेत्रमा पहिला देखिनै संलग्न रहँदै आएको छ । सदाबहार कायम राख्न र मौसमी वनस्पतिको संरक्षण गर्न जापानले आफ्नो संलग्नता जनाउँदै आएको छ । सिपी चट्टानका सम्बन्धमा पनि संरक्षण कार्यान्वयनका लागि जापानले पहल गरेको छ ।

जापानका ९६ हजार हेक्टर क्षेत्रफलमा रहेको सिपी चट्टान क्षेत्र नराम्रोसँग विनाश भएको छ । विस्तारित परिमाणमा विकास र राजनीतिक मुद्दाहरूले वातावरण र जैविक क्षेत्रको विषयलाई ओजेलमा पारेका छन् । १९७० र १९८० को दशकमा तीब्र गतिले बृद्धि भएको आर्थिक गतिविधिका कारण वातावरण संरक्षण क्षेत्र प्रभावित हुन पुग्यो । प्राकृतिक स्रोतको संरक्षण र भण्डारणको स्थापनाका लागि वातावरणीय संरक्षण कानुनले प्रभाव देखाउन सकेन ।

सहयोग कार्यको महत्वपूर्ण उदाहरण साङ्गोमुरा हो । सिपीको गाउँ अर्थात् साङ्गोमुरा ओपिनावाको नजिकै रहेको दक्षिणी टापु हो । सामुदायिक परियोजना २००५ देखि वातावरणमन्त्रालयले संयुक्तरूपमा अघि बढाएको छ । वकिनावा स्थानीय सरकार तथा विश्व वन्यजन्तु कोष जापानको सहभागितामा यो परियोजना सञ्चालन भैरहेको छ ।

विश्व वन्यजन्तु कोषका अधिकारी सातोसी मायकावा स्थानीय समुदायमा वातावरण संरक्षणका विषयमा प्रशिक्षित गर्ने कार्य गर्दछन् । उनको कार्यालयले सिपी चट्टानको आवश्यकता दर्शाउँदै जीवन वृत्तिको संरक्षण र सिपी चट्टानबीच सन्तुलन विकास गर्न सकिए मात्र दुर्लभ जीवजन्तुको संरक्षण हुनसक्ने सातोसी बताउँछन् ।

**बाट : नेपाल प्रेस इन्स्टिच्यूट**
**थापाथली–७०७ प्रशुतिगृह मार्ग**
**पोष्ट बक्स नं. ४१२८, काठमाडौं, नेपाल**
**फोन नं. ४–२६४१५५, ४–२६६४१८**
**फ्याक्स नं. २६४१५४**

**लाई :** ______________________



npiktm@wlink.com.np